# स्थानीय राजपत्र

शैलुङ गाउँपालिकाद्वारा प्रकाशित

खण्डः ६,  संख्याः १,  ०९ असार, २०७९

## भाग-२

### शैलुङ गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय
### काटाकुटी दोलखा
### बागमती प्रदेश, नेपाल

" शैलुङ गाउँपालिकाको उपभोक्ता समिति सूचिकरण/दर्ता गठन कार्यबिधी, २०७९"

**प्रस्तावना**

शैलुङ गाउँपालिका भित्र बिकास निर्माणका कार्यहरुको व्यवस्थापन गर्न उपभोक्ता समितिहरुको स्थापना तथा दर्ता गर्ने सम्बन्धमा व्यवस्था गर्न बान्छनीय भएकाले, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११

उपदफा २(ध) बमोजिम शैलुङ गाउँ कार्यपालिकाबाट स्वीकृत भई उपभोक्ता समिति गठन कार्यविधि बनाईएको छ ।

**१. संक्षिप्त नाम, विस्तार र प्रारम्भः**

१) यस कार्यविधिको नाम " उपभोक्ता समिति गठन कार्यबिधी, २०७८" रहेको छ।

२) यो कार्यविधि शैलुङ गाउँपालिका भित्र लागु हुनेछ।

३) यो कार्यविधि तत्काल लागु हुनेछ।

२. परिभाषाः

क) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले शैलुङ गाउँपालिकाका प्रुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ।

ख) समिति भन्नाले विधान अनुसार गठन भएको उपभोक्ता समिति सम्झनु पर्दछ।

ग) "तोकिएको" वा "तोकिए बमोजम" भन्नाले यस कार्यविधि अन्तर्गत बनेको नियम, निर्देशिकामा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्दछ।

३. उपभोक्ता समिति दर्ता गर्नुपर्नेः

स्थानीय स्तरमा विकास निर्माणका कार्यहरु गर्न उपभोक्ता समिति दर्ता गरेर मात्र उपभोक्ता समिति स्थापना गर्नु पर्नेछ। यस कार्यविधि बमोजिम दर्ता नगरी कसैले पनि उपभोक्ता समिति स्थापना गर्नु हुँदैन।

४. समिति दर्ताः

१) समिति दर्ता गर्न चाहने कुनै सात जना वा सो भन्दा बढी व्यक्तिहरुले समिति सम्बन्धि देहायको विवरण खुलाई समितिको विधानको एक प्रति र तोकिएको दस्तुर सहित  प्रमुख प्रशासकिय अधिकृत समक्ष अनुसुची-१ ढाचाँमा निवेदन दिनु पर्नेछ।

क) समितिको नाम

ख) उदेश्यहरु

ग) समितिका सदस्यहरुको नाम, ठेगाना, पेशा र नागरिकताको प्रतिलिपि

घ) कार्यालयको ठेगाना

ङ) समिति सञ्चालनको विधि र प्रक्रिया

२) उपदफा (१) बमोजिमको निवेदन प्राप्त भएपछि प्रमुख प्रशासकीय अधिकृतले जाचबुझ गरी समिति दर्ता गर्न उचित ठानेमा समिति दर्ता गरी प्रमाण-पत्र दिनेछ।

३) प्रमुख प्रशासकीय अधिकृतले कुनै समिति दर्ता नगर्ने निर्णय गरेमा त्यसको सूचना निवेदकलाई दिनु पर्नेछ र निवेदकले सूचना प्राप्त गरेको मितिले ३५(पैतिस) दिनभित्र त्यस्तो निर्णय उपर कार्यपालिका समक्ष उजुर गर्न सक्मेछ।

४) उपदफा (३) बमोजिमको उजुर प्राप्त भएपछि कार्यपालिकाले आवश्यक जाचबुझ गरी त्यस्तो समिति दर्ता गर्न मानसिव ठहरिएमा सो समिति दर्ता गर्न प्रमुख प्रशासकय अधिकृतलाई आदेश दिन सक्नेछ र त्यस्तो भएपछी प्रमुख प्रशासकीय अधिकृतले समिति दर्ता गरिदिनु पर्नेछ।

५) यस दफा अन्तर्गत दिईने प्रमाण-पत्रको ढाचाँ अनुसूचि-२ बमोजिम हुनेछ। नवीकरण दस्तुर तोकिए बमोजिम हुनेछ।

६) दर्ता भएको समितिले प्रत्येक आर्थिक वर्ष समाप्त भएको तिन महिना भित्र नवीकरण गर्नु पर्नेछ। दर्ता दस्तुर रु.५०० (पाचँ सय), नवीकरण दस्तुर  रु.५०० (पाचँ सय) तिर्नु पर्नेछ। समितिले समयमा नवीकरण नगरेमा जरिवाना दस्तुर प्रति महिना रु.१००( एक सय ) थप लाग'नेछ।

५. समिति गठन मानिनेः

१) यस कार्यविधि अन्तर्गत दर्ता भएको समिति अविछिन्न उत्तराधिकारवाला स्वशासित र संगठित समिति हुनेछ। सो समितिको कामको निमित्त आफ्नो एउटा छुट्टै छाप हुनेछ।

२) समितिले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजुर गर्न सक्नेछ र सो उपर पनि सोही नामबाट नालिस उजुर लाग्नेछ।

६. संस्थाको सम्पत्तीः

१) समितिको सदस्य वा कर्मचारी लगायत कुनै व्यक्तिले समितिको विधान विरुद्द संस्थाको कुनै सम्पत्ति दुरुपयोग गरेमा, कब्जा गरेमा वा रोक्का राख्ने गाउँपालिकाले त्यस्तो सम्पत्ति दुरुपयोग गर्ने, कब्जा गर्ने वा रोक्का राख्नेबाट लिई समितिलाई फिर्ता बुझाईदिन सक्नेछ।

२) उपदफा(१) बमोजिमको समितिको सम्पत्ती फिर्ता गर्ने गरी गाउँपालिकाले गरेको कारवाहीमा चित्त नबुझ्ने व्यक्तिले सम्वन्धित अदालतबाट उजुर गर्न सक्नेछ।

३) समितिको सदस्य वा कर्मचारी लगायत कुनै व्यक्तिले समितिको कुनै सम्पत्ती वा लिखत वा प्रतिष्ठा विरुद्ध कुनै अपराध वा विराम गरेमा समिति वा समितिको कुनै सदस्य उपर प्रचलित कानून बमोजिकम गाउँपालिकाले कारवाही चलाउन सक्नेछ।

७. यस अघि दर्ता भई वा नभई स्थापना भएका समितिले दर्ता गर्नेः

१) यो कार्यविधि प्रारम्भ हुन भन्दा अघि तत्काल प्रचलित कानून बमोजिम दर्ता भई वा नभई स्थापना भइरहेका समितले पनि यो कार्यविधि प्रारम्भ भएको मितिले ६(६) महिनाभित्र यो कार्यविधि बमोजिम सुचिकृत गराउनु पर्नेछ। सूचिकरण दर्ता हुनेको लागि गत आ.व सम्मको लेखा परिक्षण प्रतिवेदन र साधारण सभाको निर्णय अनिवार्य रुममा पेश गर्नु पर्नेछ।

८. समितिको उदेश्यहरुमा हेरफेरः

१) समितिको उदेश्यहरुमा हेरफेर गर्न आवश्यक देखेमा वा सो समितिलाई अर्को कुनै समितिमा गाभ्न उचित देखेमा सो समितिले तत् सम्बन्धी प्रस्ताब तयार पारी सो प्रस्ताब चपर छलफल गर्न समितिको विधान बमोजिम साधारण सभा बोलाउनु पर्नेछ।

२) साधारणसभामा उपस्थिर भएका जम्मा सदस्य संख्याको दुई तिहाईबाट सदस्यहरुले प्रस्ताबमा समर्थन जनाएमा सो प्रस्ताब साधारणसभाबाट पारित भएको मानिनेछ।

तर, सो प्रस्ताब लागु गर्न गाउँपालिकाको पूर्व स्विकृत लिनु पर्नेछ।

९. समितिको वर्गिकरणः

दर्ता अनुमति प्राप्त गरी गाउँपालिका क्षेत्र भित्र सञ्चालनमा रहेका उपभोक्ता समितिहरुको व्यवस्थापनबाट योजना कार्यान्वयन गर्ने उपभोक्ता समिति सदस्य संख्याको आधारमा निम्न अनुसार उपभोक्ता समितिको बर्गिकरण हुनेछ।

१) १००१ जना वा सो भन्दा बढि उपभोक्ता सदस्य भएको क वर्ग

२) ५०१ देखि १००० जना उपभोक्ता समिति भएको ख वर्ग

३) ५०० जना सम्म उपभोक्ता सदस्य भएको ग वर्ग

१०.तदर्थ समिति गठन गर्न सकिनेः

यस अघि दर्ता स्वीकृती प्राप्त गरी सञ्चालनमा रहेका र नयाँ अनुमति प्राप्त गरी स्थापना हुने उपभोक्ता समितिहुले तोकिए बमोजिम ६ महिना भित्र साधारभ सभा गरी उपभोक्ता समिति गठन प्रकृया पुरा नगरेमा त्यस्ता तदर्थ समिति वा अवधी पुरा भएका उपभोक्ता समितिहरुलाई विघटन गरी सञ्चालन नियमित गर्न गाउँपालिकाको तर्फबाट सम्बन्धीत उपभोक्ता सदस्यहरु मध्येबाट तदर्थ समित गठन गरी साधारण सभा समेतका आवश्यक प्रकृया काम कारवाही गरी गराई व्यवस्थापन गर्न सकिनेछ।

११.संघ गठन गर्न सकिनेः

दर्ता स्कीकृती प्राप्त गरी गाउँपालिका क्षेत्र भित्र संचालनमा रहेका उपभोक्ता समितिहरु मध्येबाट एक उपभोक्ता समितिलाई एक सदस्य मानी गाउँ स्तरिय उपभोक्ता संघ संगठन गरी सोही संघको प्रत्यक्ष रेखदेख सहयोग मातहतमा अन्य सम्पुर्ण उपभोक्ता समितिहरुलाई व्यवस्थीत रुपमा सञ्चालन गरिनेछ।

१२. हिसाबको विवरण पठाउनु पर्नेः

उपभोक्ता समितिले आफ्नो हिसाबको विवरण लेखा परीक्षकको प्रतिवेदन सहित प्रत्येक बर्ष गाउँपालिकामा पठाउनु पर्नेछ।

१३. हिसाब जाच गर्नेः

१. प्रमुख प्रशासकीय अधिकृतले आवश्यक देखेमा समितिको हिसाब आफुले नियुक्ति गरेको कुनै अधिकृतद्धारा जाचँ गराउन सक्नेछ।

२. उपदफा (१) बमोजिम हिसाब जाचँ गराए बापत गाउँपालिकाले हिसाब जाचँबाट देखिन आएको समितिको मौज्दात रकमको सय कडा तीन प्रतिशत नबढाई आफुले निर्धारण गरेको दस्तुर असुल गरी लिन सक्ने छ।

३. हिसाब जाचँ गर्ने अधिकृतले मागेको विवरण तथा कागजातहरु वा सोधेको प्रश्नको जवाफ दिनु समितिके पदाधिकारी, सदस्य र कर्मचारीको कर्तव्य हुनेछ।

४. हिसाब जाचँ गर्ने अधिकृतले गाउँपालाकाले तोकिदिएको म्यादभित्र हिसाब जाचँको प्रतिवेदन गाउँपालिका समक्ष पेश गर्नु पर्नेछ र सो प्रतिवेदनको आधारमा समितिको कुनै सम्पत्ति सो संस्थाको कुनै पदाधिकारी, सदस्य वा कर्मचारीले हिनामिना गरेको, नोक्सान गरेको वा दुरुपयोग गरेको छ भन्ने गाउँपालिकालाई लागेमा निजले त्यस्तो पदाधिकारीम सदस्य वा कर्मचारीबाट सो हानी नोक्सानी असूल गर्न प्रचलित कानून बमोजिम कारवाही चलाउन सक्नेछ।

तर, प्रचलित कानूनले सजाय समेत हुने अपराध भएकोमा प्रचलित कानून बमोजिम मुद्धा चलाउन सक्नेछ।

१४. निर्देशन दिनेः

गाउँपालिकाले समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनक पालना गर्नु सम्बन्धीत समितिको कर्तव्य हुनेछ।

१५. दण्ड सजाय

क) दर्ता नगरी समिति स्थापना गरेमा वा सञ्चालन गरेमाः पाचँ हजार सम्म जरिवाना

ख) हिसाबको विवरण नपठाएमाः एक हजार

ग) हिसाब जाचँ गर्ने अधिकृतले मागेको कागजपत्र वा सोधेको प्रश्नको जवाफ नदिएमाः पाचँ हजार

घ) गाउँपालिकाको स्वीकृत नलिई उदेश्य हेरफेर गरेमा वा अर्को समितिमा गाभेमा वा गाउँपालिकाले दिएको निर्देशन पालना नगरेमा वा समितले आफ्नो उदेश्य प्रतिकुल हुने गरी काम गरेमाः प्रमुख प्रशासकीय अधिकृतले निलम्बन वा खारेज गर्न सक्नेछ

१६. पुनरावेदनः

दफा (१६) को उपदफा (४) बमोजिम प्रमुख प्रशासकीय अधिकृतके गरेको अन्तिम निर्णय उपर पैतिस दिन भित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन लाग्ने छ।

१७. समितिको विघटन वा त्यस्को परिमाणः

१) समितिको विधान बमोजिम कार्य सञ्चालन गर्न नसकी वा अन्य कुनै कारणवश समिति विघटन भएमा त्यस्तो समितिको सम्पूर्ण जायजेथा गाउँपालिकामा सर्नेछ।

२) उपदफा (१) बमोजिम विघटन भएको समितिको दायित्वको हकमा सो समितिको जायजेथाले भ्याए सम्म त्यस्तो दायित्व गाउँपालिकाले व्यहोर्ने छ।

३) उपदफा (१) बमोजिम विघटन भएको समितिको दायित्व समितिको जायजेथाले नभ्याएमा नपुग दायित्व समितिका पदाधिकारीको जायजेथाबाट प्रचलित कानून बमोजिम असुल उपर गरिनेछ।

१८. नियमा बनाउने अधिकारः

यस कार्यविधिको उदेश्य कार्यान्वयन गर्न गाउँपालिकाले नियम वनाउन सक्नेछ।

१९. वघटन तथा संचालनः

समितिको आफ्नो विधान अनुसारको तोकिएको समयावधि भीत्रमा तयाँ कार्यसमिति चयन हुन नसकेमा उक्त कार्यसमितको स्वतः विघटन भएको मानी अर्को कार्यसमिति चयन नभए सम्म गाउँपालिकाले तदर्थ समितिबाट समिति संचालन गर्नेछ।

**अनिसुची-१**

(दफा ५ को उपदफा (१) सँग सम्बन्धित)

निवेदन पत्रको ढाचाँ

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू

शैलुङ गाउँपालिका, काटाकुटी

महोदय,

हामिले ............................ उपभोक्ता संथा गठन गरी दर्ता गराउन चाहेकाले उपभोक्ता समिति गठन कार्यबिधी, २०७८ )को दफा (५) को उपदफा (१) बमोजिम उपभोक्ता समिति दर्ता गराउन देहायको विवरण खुलाई प्रस्तावित उपभोक्ता समिति एक प्रतिवेधान र दर्ता शुल्क सहित दरखास्त दिएका छौँ।

विवरण

१. उपभोक्ता संस्थाको नामः

२. कार्यक्षेत्र

३. उदेश्यहरुः

क)

ख)

ग)

घ)

४. सदस्यहरुको नाम ठेगाना पेशा र ना.प्र.प. नं.

क)

ख)

ग)

५. उपभोक्ता समितले पुर्याउन चाहेको सेवा सम्बन्धी विवरण

क) सेवाको किसिमः

ख) सेवा पुर्याउने क्षेत्रः

ग) सेवाबाट लाभान्वित हेन उपभोक्ताहरुको संख्या

घ) भविष्यमा सेवा विस्तार गर्न सकिने सम्भावनाः

६. आर्थिक स्रोतको विवरणः

७. कार्यालयको ठेगानाः

निवेदक,

उपभोक्ता समितिको तर्फबाट दस्तखस्त दिनेको

सहिः

नामः

पदः

••••••••••••••••••••••••••••••••••••••••

# उपभोक्ता

••••••••••••••••••••••• •••••••••••••••••,

# दोलखा

# विधान

# ............................ उपभोक्ता समिति
# शैलुङ गाउँपालिका, दोलखा
# विधान
# २०७८

## प्रस्तावना

### परिच्छेद–१
### प्रारम्भ

१. **संस्थानको नाम :-** यस समितको नाम "............................................................................" हुनेछ ।

क) समितको कार्यालय रहने ठेगाना : यस संस्थाको कार्यालय दोलखा जिल्ला ........................ मा रहनेछ ।

ख) समितिको कार्यक्षेत्र : यस समितिको कार्यक्षेत्र मूलत : दोलखा जिल्ला को .............................रहनेछ ।

ग) समितिको प्रकार: यो समितिका सामाजिक विकासको कार्य गर्ने प्रकृतिको हुने छ ।

२. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा ।

क) "समित" भन्नाले यस विधानअन्तर्गत गठित ...................................... " लाई जनाउनेछ ।

ख) "विधान" भन्नाले समितिको यो विधानलाई जनाउनेछ ।

ग) "सदस्य" भन्नाले यस विधानमा तोकिए वमोजिम सदस्यता प्राप्त व्यक्तिलाई जनाउनेछ ।

घ) "तोकिएको" भन्नाले यस विधानले दिएको अधिकार प्रयोग गरी बनाइएको नियमावलीले तोके बमोजिम सम्झनु पर्नेछ ।

ङ) "स्थानीय निकाय" भन्नाले गा.पा., न.पा. र जि.स.स.लाई जनाउदछ ।

ञ) "कार्यालय" भन्नाले यस संस्थाको केन्द्रिय, शाखा, प्रशाखा कार्यालयहरुलाई जनाउँदछ ।

ट) "अध्यक्ष" भन्नाले यस संस्थाको अध्यक्षलाई जनाउँदछ ।

ठ) "सचिव" भन्नाले यस संस्थाको सचिवलाई जनाउँदछ ।

ड) "कोषाध्यक्ष" भन्नाले यस संस्थाको कोषाध्यक्षलाई जनाउँदछ ।

ढ) ''सदस्य" भन्नाले यस संस्थाको सदस्यलाई जनाउँदछ ।

**३. संस्थाको छाप र चिन्ह :**

यस समतिको छाप र चिन्ह अनुसूची-१ मा उल्लेख भए वमोजिम हुनेछ । यस संस्थाको छाप पूर्व दर्ता भएको कुनै सघं संस्थासँग मेल खाएमा संशोधनको प्रक्रियाद्धारा तुरुन्त संशोधन गरिनेछ ।

## परिच्छेद -२
## उद्देश्यहरु

४. **समितिको उद्देश्य :** यस सस्थाको उद्देश्य देहायबमोजिम हुनेछ ।

क) यो संस्था मुनाफारहित, जनहितकारी, गैरराजनैतिक र सामाजिक संस्था हुनेछ ।

ख) यो समितिले प्राकृतिक प्रकोप उद्धारका कार्यहरु संचालन गर्ने छ ।

ग) यो समितिले सडक मर्मत संभार, निर्माण लगायतका कार्यहरु गर्ने छ ।

५. **समितिले उद्देश्य प्राप्त गर्न गरिने कामहरु** : यस संस्थाले उपरोक्त उद्देश्यहरु प्राप्त गर्न देहायका कामहरु गर्नेछ :

क) समिलि प्रचलित नेपाल कानूनी बमोजिम सम्बन्धित निकायबाट अनुमति वा इजाजत प्राप्त गरी मात्र उपयुक्त उद्देश्य कार्यान्वयन गर्नेछ ।

ख) समितिलाई आवश्यक पर्ने निर्माण कार्यमा प्रयोग हुने सामग्रीहरु भाडामा वा लिजमा लिनेछ र अन्य आवश्यकीय भौतिक सामग्री खरिद गरी वा भाडामा लिई प्रयोग गर्न सक्नेछ ।

ग) संस्थामा प्राप्त रकम बैक जम्मा गरी बैक खाता सञ्चालन गर्नेछ ।

घ) संस्थाको लेखापरिक्षण तथा जन लेखापरिक्षण गरि संस्थालाई पारदर्शि बनाइने छ ।

## परिच्छेद -३

## सदस्यता

### ६. सदस्यताको वर्गीकरण :-

क) कार्य समिति सदस्य

### ७. सदस्यता प्राप्तिको लागि आवश्यक योग्यता :

क) नेपाली नागरिकताको प्रमाणपत्र पाएको ।

ख) १८ वर्ष उमेर पुगेको ।

ग) समितिको मुलभूत आदर्शअनुकुल आचरण तथा क्रियाकलाप गरेको हुनुपर्ने ।

घ) मगज नविग्रेको ।

ङ) नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय नपाएको ।

च) पवित्र भावनाले समाजसेवा गर्न अग्रसर

**८. संस्थाको सदस्य नियुक्ति हुन वा वहाल रहन नसक्ने अवस्था** :

१) देहायका कुनै व्यक्ति संस्थाको सदस्य पदमा नियुक्ति हुन सक्ने छैनन्

क) गैह्र नेपाली नागरिक र १८ वर्ष उमेर पूरा नगरेको,

ख) मगज विग्रेको वा बौलाएको,

ग) कुनै प्रकारको चोरी, ठगी, किर्ते वा जालसाझी गरेको वा आफ्नो जिम्माको धनमाल अनाधिकृत तवरल मासेको वा दुरुपयोग गरेको वा भ्रष्टचार गरेको अभियोगमा अदालतबाट कसुरदार ठहरी सजाय पाएको एक वर्ष भित्र,

घ) सम्बन्धित संस्थाको व्यवसायमा नीजि स्वार्थ भएको,

ङ) सदस्यता शुल्क बुझाउन बाँकी भएको ।

**९. देहायको अवस्थामा कुनै व्यक्ति संस्थाको सदस्यमा वहाल रहने छैन** ।

क) दफा ८ को उप-दफा (१) बमोजिम सदस्य पदमा नियुक्ति हुन नसक्ने भएमा,

ख) साधारण सभाबाट ७५ प्रतिशत को बहुमतले संस्थाको सदस्य पदबाट हटाउने प्रस्ताव पास गरेमा,

ग) सदस्यले आफ्नो पदबाट दिएको राजीनामा स्वीकृत भएमा,

घ) संस्थाको काम कारवाहीमा वेइमानी वा वदनियत गरेको कुरा अदालतबाट प्रमाणित भएमा,

ङ) यस विधानबमोजिम संस्थाले गर्न नहुने भनी तोकिएको कुनै कार्य गरेमा ,

च) कुनै व्यक्तिलाई संस्थाको सदस्यमा नियुक्ति हुन वा वहाल रहन अयोग्य ठहराउनु भन्दा अघि संस्थाले निजलाई सो कुराको सूचना दिई सफाइको सवुद पेश गर्ने मैका दिनुपर्दछ ।

# परिच्छेद ४

# साधारण सभा तथा बैठक सम्बन्धी व्यवस्था

## ११. समितिले सभा बोलाउने तरिका र सभाका लागि दिनुपर्ने सूचना सम्वन्धी कुराहरुः-

(१) यस संस्थाको साधारण सभा देहाय वमोजिम हुनेछ :-

(क) वार्षिक साधारण सभा

(ख) बिशेष साधारण सभा

(२) यसै संस्थाको प्रथम वार्षिक साधारण सभा संस्थापन भएको आ.व. समाप्त भएको मितिले दुई महिना भित्रमा गरिनेछ र त्यसपछिका वार्षिक साधारण सभाहरु आर्थिक वर्ष समाप्त भएको मितिले दुई महिनाभित्र गरिनेछ ।

(३) यस संस्थाको वार्षिक साधारण सभा गर्नका लागि कम्तीमा १५ दिन अगावै र विशेष साधारण सभा गर्नका लागि कम्तीमा ७ दिन अगावै सभा हुने ठाउँ, मिति र छलफल गर्ने विषय खोली सबै साधारण सदस्यलाई सूचना दिइनेछ ।

(४) उपदफा (३) बमोजिम बोलाइएको साधारण सभामा दफा १४ वमोजिमको गणपूरक संख्या नपुगी सभा हुन नसकेमा कम्तीमा ७ दिनको म्याद दिई पुनः साधारण सभा बोलाइनेछ ।

## १२. कार्य समिति :

(क) कार्य समितिको नियुक्ति वार्षिक साधारण सभाबाट हुनेछ । तर, प्रथम वार्षिक साधारण सभा नभएसम्मको लागि निम्न बमोजिम अध्यक्ष तथा सदस्य रहेको कार्य समिति रहनेछ ।

| | | |
|---|---|---|
| १. अध्यक्ष | - | १ |
| ३. सचिव | - | १ |

५. कोषाध्यक्ष - १
६. सदस्य - ४

(ख) यस संस्थामा ७ जनाको कार्य समिति हुनेछ ।

(ग) कार्य समितिको कार्यकाल १ वर्ष हुनेछ ।

(घ) वार्षिक समितिको सभा हुनुभन्दा अगावै कुनै कार्य समितिमा रहेको सदस्यको पद रित्त हुन आएमा बाँकी अवधिका लागि कार्य समितिका सदस्यको नियुक्ति कार्य समितिद्धारा गर्न सकिनेछ। कुनै सदस्यको पद बिचमा रिक्त भई नियुक्त भएको हो सो सदस्य वाँकी कार्यकालसम्मका लागि मात्र हुनेछ ।

(ङ) कार्य समितिको बैठक आवश्यकतानुसार कार्य समितिको अध्यक्षले बोलाउनेछ । जम्मा सदस्य संख्याको ५१% सदस्यले माग गरेमा अध्यक्षले कार्यसमितिको बैठक बोलाउनुपर्छ ।

(च) कार्यसमितिको बैठकमा सदस्य स्वयं उपस्थित हुनुपर्नेछ ।

(छ) सदस्यहरुको जम्मा संख्याको कम्तीमा ५१% सदस्यहरु उपस्थित नभई कार्य समितिको बैठक हुने छैन ।

(ज) कार्य समितिको बैठक अध्यक्षता समितिको अध्यक्षले गर्नेछ । अध्यक्षको अनुपस्थितिमा बैठकमा उपस्थित सदस्यहरुले छानेको सदस्यले अध्यक्षता गर्नेछ ।

(झ) कार्यसमितिको बैठकमा बहुमत निर्णय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिन सक्नेछ ।

(ञ) कार्यसमितिको बैठकमा छलफल भएको विषय र तत्सम्वन्धमा भएको निर्णयको विवरण (माइन्यूट) छुट्टै कितावमा लेखि राख्नुपर्नेछ र सो निर्णय विवरणमा बैठकमा उपस्थित सम्पूर्ण सदस्यहरुको कम्तीमा ५१% ले सही गर्नुपर्नेछ ।

(ट) माथिका उपदफाहरुमा जुनसुकै कुरा लेखिएको भए तापनि कार्य समितिले गर्न पाउने कुनै कामको सम्वन्धमा कार्य समितिका सबै सदस्यहरु लिखित रुपमा सहमत भएमा त्यस्तो सहमतीलाई निर्णय पुस्तिकामा संलग्न गरी त्यस्तो

काम बैठक विना पनि गर्न सकिनेछ । उपरोक्त बमोजिमको सहमतीलाई कार्य समितिको बैठकको निर्णय सरह मानिनेछ ।

(ठ) संस्थाले गर्ने भनेको सम्पूर्ण कार्य कार्यसमितिको निर्णयबाट हुनेछ ।

# परिच्छेद ५

## १३. काम, कर्तव्य र अधिकार

**(क) अध्यक्ष :-** (क) बैठकको अध्यक्षता गर्ने ।

(ख) संस्थाको नेतृत्व गर्दै सदस्यहरुलाई आवश्यक निर्देशन दिने ।

(ग) नियमित बैठक बोलाउने ।

(घ) संस्थाको आवश्यक काम कारबाहि संचालन गर्ने ।

(ङ) संस्थाको सम्पूर्ण कार्यक्रमहरुको रेखदेख र नियन्त्रण गर्ने ।

**(ग) सचिवः-** (क) अध्यक्षको निर्णय अनुसार साधारण सभा बोलाउने ।

(ख) सञ्चालक समितिको बैठकमा छलफल भएका प्रस्ताव तथा निर्णयहरुको प्रमाणित पुस्तिका खडा गर्ने । संस्थाको सम्पूर्ण कागजात, पत्रचार तथा खाताहरु व्यवस्थित गर्ने , वार्षिक प्रतिवेदन तयार गर्ने ।

**(ङ) कोषाध्यक्षः-** (क) संस्थाको हिसाब किताब दुरुस्त राख्ने ।

(ख) संस्थाको साधारण सभामा आर्थिक विवरण तथा आय-व्यय हिसाब पेश

गर्ने ।

(ग) आर्थिक श्रोत जुटाउने ।

**(च) सदस्यः-** (क) नियमित बैठकमा उपस्थित हुने ।

(ख) निर्देशन बमोजिम कार्यहरु गर्ने ।

(ग) संस्थाको उद्देश्य प्राप्तिको लागि आवश्यक काम गर्ने ।

**१४. गणपुरक संख्या :**

कुल सदस्य संख्याको ६०% (साठ्ठी) को प्रतिनिधित्व हुने गरी साधारण सदस्यहरु उपस्थित नभई साधारण सभाको काम कारवाही हुने छैन । तर विधानको दफा ११ को उपदफा (४) मा उल्लेख भए बमोजिम पुनः बोलाइएको साधारण सभामा कुल सदस्य संख्याको ५१% प्रतिनिधित्व हुने गरी उपस्थित भएमा सभा गर्न बाधा पर्ने छैन ।

## परिच्छेद-६

**१५, समितिको कोष :**

(क) संस्थाको आफ्नो छुट्टै कोष हुनेछ र सो कोषमा देहाय बमोजिम प्राप्त रकमहरु रहनेछ ।

(१) सदस्यता शुल्क, प्रवेश शुल्क, नविकरण शुल्क वापत प्राप्त रकम,

(२) कसैले स्वेच्छाले दिएको अनुदान रकम,

(३) संस्थाले चल अचल सम्पत्ती वा अन्य वस्तुको विक्रिबाट प्राप्त रकम,

(४) विदेशी संस्था वा व्यक्तिबाट सहायोग रकम,

(५) स्थानिय निकायबाट प्राप्त अनुदान रकम,

(६) नेपाल सरकारबाट प्राप्त रकम,

(७) बैंकबाट प्राप्त हुने व्याजको रकम,

**१६, खाता संचालन :**

संस्थाको अध्यक्ष र सचिव र कोषाध्यक्ष (अनिवार्य) को संयुक्त दस्तखतबाट खाता संचालन हुनेछ। प्रचलित ऐन नियम अनुसार खर्च गर्ने तथा खर्चको श्रेस्ता राख्ने व्यवस्था मिलाउनु पर्ने व्यवस्था गरिनेछ ।

**१७. संस्थाको लेखा र लेखा परिक्षण :**

(क) संस्थाको आय व्ययको लेखा प्रचलित कानून बमोजिम राखिनेछ ।

(ख) संस्थाको लेखापरिक्षण प्रचलित कानून वमोजिम रजिष्टर्ड लेखापरिक्षणबाट हुनेछ ।

(ग) नेपाल सरकार वा स्थानीय अधिकारीले चाहेमा जनुसुकै वखत पनि संस्थाको हिसाव किताब जाँच्न वा जचाउन सक्नेछ ।

(घ) लेखापरीक्षकको नियुक्ति वार्षिक साधारण सभाबाट हुनेछ। तर प्रथम वार्षिक साधारणसभा नभएसम्म लेखापरिक्षकको नियुक्ति कार्य समितिबाट हुनेछ ।

(ङ) संस्थाको वार्षिक प्रगति, लेखा परीक्षण प्रतिवेदन, नविकरण लगायतका अन्य कागजातहर अनिवार्य वार्षिकव रुपमा समाजकल्याण परिषदमा पेश गर्नुपर्ने छ ।

# परिच्छेद-७

# निर्वाचन

**१८. निर्वाचन सम्वन्धी व्यवस्था :**

(क) कार्यसमितिको निर्वाचन प्रयोजनको लागि वढीमा ५ जनाको एक निर्वाचन समिति कार्यसमितिको सहमतिद्वारा गठन गरिनेछ ।

(ख) निर्वाचन समितिले प्रचलित कानूनको परिधिभित्र रहेर निर्वाचन, कार्यविधि आफैं व्यवस्था गर्नेछ ।

(ग) निर्वाचन सम्बन्धी विवाद उत्पन्न भएमा विवादको टुङ्गो निर्वाचन समितिले गरेको निर्णय नै अन्तिम फैसला हुनेछ ।

(घ) निर्वाचन सकिएको भोलिपल्ट निर्वाचन समितिको स्वत विगठन हुनेछ ।

## **१९. उम्मेदवार हुने योग्यता :**

(क) कार्यसमितिको उमेदवारको लागि कम्तिमा १८ वर्ष, पदसम्बन्धी विशेष पोख्त व्यक्ति हुनुपर्नेछ र जिम्मेवारीबाट पछि हट्ने खालको हुनुहुने छैन ।

(ख) निस्वार्थ भावना भएको ।

(ग) संस्थाप्रति मन, बचन र कर्तव्य निष्ठावान व्यक्ति भएको ।

(घ) अपराधिक कार्यमा असंलग्न, चोरी, जालसाँची मुद्दामा नपरेको व्यक्ति ।

(ङ) उमेदवारले संस्थामा आ-आफ्नै ठाउँमा क्रियाशीलता देखाई उद्देश्य अनुरुप लाग्न सक्ने प्रेरणा दिने खालको ।

(च) मानसिक रोगबाट मुक्त व्यक्ति हुनुपर्नेछ ।

## **२०. अविश्वासको प्रस्ताव**

***१. प्रस्तुति प्रक्रिया:-***

क) कार्यसमितिको कुनै पनि पदाधिकारी माथि अविश्वासको प्रस्ताव ल्याउन सकिने छ ।

ख) निर्वाचन भएको ६ महिनासम्म अविश्वासको प्रस्ताव ल्याउन पाइने छैन ।

ग) अविश्वासको प्रस्ताव पेश गर्दा साधारण सदस्यहरु मध्येबाट ५१ प्रतिशत हस्ताक्षर गराउनु पर्नेछ ।

***२. निर्णय:-***

(क) अविश्वासको प्रस्ताव उपर छलफल गर्दा साधारण सदस्यहरु दुईतिहाई हुन अनिवार्य छ ।

(ख) अविश्वासको प्रस्ताव पारित हुन ५१% मत अनिवार्य हुनुपर्ने छ ।

(ग) अविश्वास प्रस्तावको स्पष्टिकरण दिन पाउने छ ।

## **२१. विधान संशोधन :**

(क) संस्थाको विधान साधारण सभाको दुई तिहाई बहुमतले संसोधन गर्न सकिनेछ ।

(ख) संसोधित विधान सम्बन्धित स्थानीय अधिकारीको स्वीकृति प्राप्त गरी लागु गरिनेछ ।

**२२, विनियम बनाउन सक्ने :**

संस्थाले आफ्ना कार्य सम्पादन गर्ने सन्दर्भमा आवश्यक विनियम बनाउन सक्नेछ र सोको जानकारी स्थानीय अधिकारीलाई दिनुपर्नेछ ।

**२३. तदर्थ समिति :**

यो संस्था स्थापना गरी दर्ता गराउनेको लागि गठित तदर्थ समितिले ६ महिना भित्र विधान अनुसारको निर्वाचन कार्य गर्नका लागि समितिको गठन गर्नु पर्नेछ । सो अवधिमा कार्य समितिले गरेका कामहरु यसै विधान अनुसार भएको मानिने छ ।

**२४. संस्था खारेजी :**

(१) साधारण सभाले आवश्यक देखेमा विशेष प्रस्ताव पारित गरी संस्था खारेजी गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम खारेजीको प्रस्ताव पारित गर्दा साधारण सभाले खारेजीको कामका लागि एक वा एकभन्दा वढी लिक्विडेटरहरु र संस्थाको हिसावकिताव जाँच गर्नका लागि एक वा एक भन्दा बढी लेखापरिक्षकहरु नियुक्ति गर्न सक्नेछन् । लिक्विडेटर र लेखापरीक्षकहरुको पारिश्रमिक साधारण सभाले तोकिदिए बमोजम हुनेछ ।

(३) उपदफा (२) बमोजिम नियुक्त लिक्विडेटर तथा लेखापरिक्षकले संस्था खारेजी सम्वन्धी काम कारवाही गर्नेछन् ।

(४) संस्था खारेज वा विघटन भएमा सम्पूर्ण जाय जेथा नेपाल सरकारको हुनेछ ।

**२५. ऐन अनुसार हुने :**

यस विधानमा उल्लेख नभएका कुराहरु प्रचलित कानून बमोजिम हुनेछ । संस्था दर्ता ऐन, नियम र प्रचलित कानूनसँग बाझिन गएका

कुराहरु स्वतः निष्कृय हुनेछन् । स्थानीय अधिकारीले संस्था दर्ता ऐन २०३४ बमोजिम दिएको निर्देशनको पालना गर्नु यो संस्थाको कर्तव्य हुनेछ ।

**२६.** प्रस्तावित संस्थाको कुनै क्रियाकलापले नेपाल तथा कुनै विदेशी राष्ट्र, अन्तर्राष्ट्रिय संघ, संगठनको सम्वन्धमा प्रतिकुल असर पार्ने वा नेपालको परराष्ट्र नीतिको बर्खिलाप हुन जाने वा नेपालको अखण्डता, सार्वभौमसत्ता, स्वतन्त्रता तथा शान्ति सुरक्षामा खलल पुग्ने कुनै काम कुरा गर्ने छैन्

२७. हामी **"मानेडाँडा पैती शैलुङ-०८ सडक उपभोक्ता"** का निम्न संस्थापकहरु यस विधान बमोजिम कार्य गर्न मञ्जुर भई निम्न साक्षीको रोहवरमा विधानमा सहिछाप गर्दछौ ।

**<u>संस्थापकको नाम, थर र ठेगाना</u>**

१. नाम थर :
ठेगाना :
पद : अध्यक्ष
दस्तखत :

दस्तखत :

२. नाम थर :
ठेगाना :
पद : सचिव
दस्तखत :

३. नाम थर :
ठेगाना :
पद : कोषाध्यक्ष
दस्तखत :

४. नाम थर :

ठेगाना :
पद : सदस्य
दस्तखत :

५. नाम थर :
ठेगाना :
पद : सदस्य
दस्तखत :

६. नाम थर :
ठेगाना :
पद : सदस्य
दस्तखत

७. नाम थर :
ठेगाना :
पद : सदस्य
दस्तखत

अनुसूची - १

# संस्थाको छाप र चिन्ह

# उपभोक्ता समितिमा  रहन योग्य भएको भन्ने उपभोक्ता समितिमा रहन चाहने उपभोक्ताको घोषण पत्र ।

यस ........................................................................................ समिति आयोजनाबाट प्रत्यक्ष लाभान्वित हुने हामी तपसिलमा उल्लेखित उपभोक्ताहरूको "गाउँपालिकामा कार्यन्वयन हुने कार्यक्रम वा आयोजना संचालन तथा व्यवस्थापन कार्यविधि २०७४" अनुसार प्रस्तवित उपभोक्ता समितिमा रही गर्ने कामकारबाहीमा आफ्नो कुनै स्वार्थ नबाझिएको र उक्त कार्यविधिको अनसार कुनै राजनितिक दलको प्रतिनिधिको रूपमा स्थानीय तहको कुनै पदमा आसित नभएको, बाहलवाला सरकारी कर्मचारी/शिक्षक, निर्माण व्यवसायी, नभएको र सरकारी पेश्की वा बेरूजु फछ्र्यौट गर्न बाँकी नरहेको, नैतिक पतन देखिने फौजदारी  अभियोगमा सजाय नपाएको, सार्वजानिक सम्पत्ति हिनामिना नगरेको एक भन्दा बढी उपभोक्ता समितिमा नरहेको र एकाघर परिवारका अन्य सदस्य एउटै उपभोक्ता समितिमा नरहेको ठीक साँचो हो, व्यहोरा झुठा ठहरे कानून बमोजिम सहुला बुझाउला भनि यो स्वघोषणा पत्रमा दस्तखत गरी पेश गरेका छौं ।

| नमर थर | पद | ठेगाना | ना.प्र.नं. | बाबुको नाम,थर | |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

प्रमाणीकरण मिति २०७९ असार ०९ गते

आज्ञाले,

चुन बहादुर तामाङ

प्रमुख प्रशासकीय अधिकृत